# परमेश्वरलाई प्रसन्न पार्ने



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *लूका १५:११-३२; सपन्याह ३:१७; एफिसी ५:२५-२८; यशैया ४३:४; रोमी ८:१; रोमी ५:८; मर्कूस ९:१७-२९।*

**याद गर्नुपर्ने पद: "परमप्रभु तिम्रा परमेश्वर तिमीसित हुनुहुन्छ। उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ। उहाँ तिमीसित अत्यन्तै आनन्दित हुनुहुन्छ। उहाँले आफ्नो प्रेममा तिमीलाई शान्त पार्नुहुनेछ। गीत गाएर उहाँ तिम्रो बारेमा रमाउनुहुनेछ।"** *(सपन्याह ३:१७)*।

**यो काल्पनिक** कथालाई सोच्नुहोस्: एक जना ५ वर्षको बालक आफ्नो बुबाकहाँ आउँछ। उसको हातमा गज्याङ्गमज्याङ्ग गरेर पोको पारेको बाबुको मुख हेर्ने दिनको निम्ति दिन उपहार छ। ऊ अत्यन्तै खुशी र उत्तेजित भएर त्यो उपहार आफ्ना बाबुलाई दिन्छ।

तर बाबुले के भने यो कल्पना गर्नुहोस्, "बाबु तिम्रो उपहारप्रति मेरो मतलब छैन। तिम्रो उपहार मलाई चाहिँदैन। तिमीले मलाई खुशी पार्न केही पनि दिन सक्दैनौ। तिमीले जे दिन्छौ सो म आफै किन्न सक्छु। तिमीले जे ल्याए तापनि तिमीले मेरै पैसाले ल्याएको हो वा मैले किनेर राखेको मेरै थोकहरूबाट तिमीले ल्याएको हो। त्यसकारण, त्यो उपहार मलाई चाहिँदैन। तिमी नै राख। मलाई आवश्यकता छैन र मलाई चाहिँदैन पनि। तर जे भए तापनि म तिमीलाई माया गर्छु।"

ओहो, कस्तो चित्त दुख्ने वा मनमा आँशु बहाउने बाबुको वचन हो यो!

बाबुको प्रतिक्रियाको बारेमा तपाईं के भन्नुहुन्छ? उनी "*कठोर*," "*कठ्याङ्ग्रिएको दिल भएका*," र आफ्नो छोराप्रति अलिकति पनि सहानुभूति, संवेदनशील र भावना नभएको भनेर के हामीले सोच्दैनौं र? के परमेश्वरले यही तरिकाले हामीलाई जवाफ दिनुहुन्छ र? यथार्थमा के हामीले परमेश्वरलाई प्रसन्न नै पार्न सक्छौं र? यो कल्पना गर्न गाह्रो भए तापनि वा तितो सत्य भए तापनि हामी पापले गर्दा भ्रष्ट भएको मानव प्राणी र खराब गर्न अग्रसर भइरहेको भए तापनि वास्तविक तथ्य त यो हो कि हामीले परमेश्वरलाई खुशी पार्न सक्छौं। अर्को बोलीमा भन्ने हो भने, हामीले परमेश्वरलाई ल्याएको उपहार, भेटीलाई उहाँले त्यस बाबुको मनस्थितिले हेर्नुहुन्न। त्यसको विपरित हामीले परमेश्वरलाई प्रसन्न पार्न सक्छौं, तर केवल येशू ख्रीष्टद्वारा।

# तपाईंले सोच्नुभएको भन्दा बहुमूल्य वा अति प्रिय

यस संसारमा कुनै अत्यन्तै खराब पापी, दुष्ट, आतङ्ककारी पापी छैन जसलाई परमेश्वरले प्रेम गर्नुहुन्न भन्ने पूर्ण पाठ हामीले अगाडि हेर्‍यौं। हामी कुनै पनि मानव प्राणीले सोचेको भन्दा परमेश्वरले हामीलाई बहुमूल्य ठान्नुहुन्छ। उहाँको सामु हामी कतिको अति प्रिय छौं भनेर व्याख्या गर्न वा बुझ्न क्षमता हामीमा त छँदैछैन। पापप्रति उहाँ असन्तुष्ट, अप्रसन्न र परेशान त हुनुहुन्छ किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ तर पापले हामीलाई के गरिरहेको छ, त्यसप्रति उहाँ दुःखी पनि हुनुहुन्छ।

पढ्नुहोस्: **लूका १५: ११-३२मा येशूले उडन्ता छोरोको बारेमा अर्तिकथा भन्नुभएको थियो। परमेश्वरको करुणा र मायाको बारे त्यस अर्तिकथाले कसरी बुझाउन खोजिएको छ? तर जेठो छोरोजस्तो घरमा बसिरहने व्यक्तिहरूको निम्ति यसले कस्तो चेतावनी दिन्छ?**

________________________________________

________________________________________

________________________________________

येशूले भन्नुभएको उपर्युक्त अर्तिकथामा एक जना कान्छो छोरोले आफ्नो पूर्ख्यौली सम्पत्तिको अधिकार माग्छ। उसका बाबु र घरानाहरूले त्यसो नमाग भनेर अनुरोध गरेको हुनुपर्छ तर उसले मानेन। तब उसले पाउने अंश पाउँछ तब विदेशमा गएर आफूसँग भएको सबै धन लापर्वाही गर्दै मोजमज्जा र रमझममा खर्च गर्छ। आखिरमा सबै धन सकिएपछि ऊ गरिब हुन्छ र भोकाउँछ। उसले सुङ्गुर चराउने काम गर्छ र सुङ्गुरले मज्जासँग खाएको खानाप्रति ऊ लालयत हुन्छ। अनि आफ्नो घर सम्झन्छ। आफ्ना बाबुका नोकर चाकरहरूले त चाहिनेभन्दा बेसी खाना खान पाइन्छ। अनि ऊ कमसेकम बाबुको नोकर नै हुनेभए पनि आफ्नो घरमा फर्किन निर्णय गर्छ।

घर फर्केपछि त्यहाँ घटना के भयो सो भावुक र शक्तिशाली छ। कतिपय बाबुहरूले त्यो छोरालाई वास्ता पनि गर्दैनथियो होला। “तिमीले अंश पाइहाल्यौ नि। तिमीले म र मेरा घरानाबाट अलग भयौ। अब तिम्रो लागि घर र तिमीलाई दिने अंश केही पनि छैन। तिमी जहाँबाट आएको हो त्यहीँ फर्केर जाऊ। तिम्रो लागि यहाँ ठाउँ छैन।” मानवीय हिसाबले त्यो वचन तर्कयुक्त र ठिकै मनस्थिति भएको देखाउँछ, होइन त? (कति घरमा

यो स्थिति भइरहेको के हामीलाई थाहा छैन र?)। कतिपय मानव बाबुआमाको अगाडि छोरा धेरै बिग्रेर घरमा हुल्न पनि योग्य नभएको देखिन्छ।

तर त्यस अर्तिकथामा बाबु (जसले परमेश्वर आफैलाई देखाउँछ) मानवीय दृष्टिकोणले जवाफ दिँदैनन्। बरु, आफ्नो हराएको छोरो झुत्रेझाम्रो भएर आएको धेरै परबाट देखेपछि उनलाई करुणा जाग्छ र दगुरेर जान्छ र छोरोलाई अङ्गालो मार्छ र म्वाइ खान्छ *(लूका १५:२०)*। जमिन्दार मालिक घरबाट त्यसरी दगुर्नु उनको प्रतिष्ठाले सुहाउँदैनथ्यो। तर धेरै माया र करुणा देखाएर त्यस बाबुले आफ्नो छोरोलाई दगुरेर नै भेट्न जान्छ। यो चकित नै पार्ने स्थिति त्यस बाबुले खडा गरे। त्यस बाबुले उसलाई फेरि आफ्नै छोरोको रूपमा प्रतिस्थापित गरे। आफ्नो छोरोको निम्ति भोजै मनाउँछन्। यसले परमेश्वरले उहाँलाई त्यागेकाहरूप्रति देखाउनुहुने महान् करुणा प्रकट गर्दछ। केवल आफ्नो घरमा फर्किंदा बाबु कसरी खुशी भए, त्यसरी नै बरालिएका हामीहरूप्रति परमेश्वरले प्रेम, करुणा र दया देखाउनुभएर हामीलाई ग्रहण गर्नुहुन्छ वा उहाँको छोरा हुन पुनर्स्थापित गर्नुहुन्छ।

**जेठो छोरोको प्रतिक्रिया रोचक छ। उसको प्रतिक्रिया मानवीय प्रतिक्रिया थियो। मानवीय हिसाबले त्यो ठिकै र उचितै थियो। होइन र? तर त्यस कथाले मानवीय तर्कयुक्त र उचित धारणालाई सुसमाचारको सन्देशले स्वीकार गर्दैन भनेर हामीलाई कसरी सिकाउँछ? परमेश्वरको प्रेमको पराकाष्टा त्यसले कसरी प्रकट गर्छ?**

# हर्षले भावविभोर भएर आनन्दित हुनु

परमेश्‍वरको सामु प्रत्येक व्यक्ति अकल्पनीय र हिसाबै गर्न नसक्ने मूल्यवान् हुनुहुन्छ भनेर सोच्नु मानवीय मनस्थितिभन्दा बाहिरको कुरो हो। त्यसरी उहाँले मानिसलाई मूल्यवान् ठान्‍नुभएको कारणले, केवल एक जनाले मात्र मुक्ति पायो भने उहाँ आनन्दित हुनुहुन्छ।

**पढ्नुहोस्: उडन्ता पुत्रको अर्तिकथालाई सपन्याह ३:१७ पदले कसरी प्रष्ट पार्दछ?**

मुक्ति पाएका उहाँका जनहरू देखेर परमेश्‍वर अति आनन्दित हुनुभएको जिकिर सपन्याह ३:१७मा देखाइएको छ। खुशियाली, आनन्द, प्रसन्‍न आदि जनाउने हिब्रू भाषाका शब्दहरू कोचिकोची त्यस एउटै पदमा वर्णन गरिएको छ। यथार्थमा भन्‍ने हो भने पापी मानिस परमेश्‍वरमा फर्किंदा उहाँ कति आनन्दले भावविभोर हुनुहुन्छ भन्‍ने कुरालाई वर्णन गर्ने शब्द पनि छैन।

परमेश्‍वर आफ्ना जनहरूको बीचमा हुनुहुन्छ भन्‍ने तथ्यलाई त्यस पदमा दिएको पनि सोच्नुपर्दछ। परमेश्‍वरलाई प्रेम गरेर स्थापित भएको पुनर्मिलनको सम्बन्धमा उहाँको उपस्थिति तत्काल भएको देखाउँछ। जसरी आफ्नो छोरो टाढैबाट देख्दा उसलाई भेट्न दगुरेर जान्छ, त्यसरी नै परमेश्‍वर उहाँका जनहरूको बीचमा हुनुहुन्छ।

यशैया ६२:४मा विवाहको उपमा दिएर परमेश्‍वरसँगको सम्बन्धलाई व्याख्या गरिएको छ। यहाँ उल्लेख गरिएको छ, "तिमी फेरि कहिल्यै 'त्यागिएकी' भनिनेछैनौ। तिम्रो देश फेरि कहिल्यै 'उजाड़िएको' भनिनेछैन। तर तिमी 'हेप्सीबा' भनिनेछौ, र तिम्रो देश 'ब्युलाह' भनिनेछ। किनकि तिमीसित परमप्रभु खुशी हुनुहुनेछ, र तिम्रो देशले विवाह गरेको हुनेछ।" परमेश्‍वरका जनहरूलाई "हेप्सीबा" भनेर सम्बोधन गरिनेछ। त्यसको अर्थ परमेश्‍वर तिनीसँग आनन्दित र खुशी हुनुहुन्छ हो। भूमिचाहिँ "ब्युलाह" भनिनेछ। त्यसको अर्थ "वैवाहिक सम्बन्धमा गाँसिएको," हो। किन त? माथिको पदले नै भन्छ, "तिमीसित परमप्रभु खुशी हुनुहुनेछ, र तिम्रो देशले विवाह गरेको हुनेछ।" परमेश्‍वरको आनन्द वा खुशीको दिनको पराकाष्टालाई आरक्षित गरिएको छ। त्यो पुनर्स्थापनाको दिन

हो। त्यसबेला उहाँले उहाँका जनहरूलाई उहाँको राज्यमा सम्मानसाथ भित्र्याउनुहुनेछ। उहाँ हामी सबैसँग हर्षले आनन्दित हुनुहुनेछ। जसरी बाबु आफ्नो उडन्ता पुत्रलाई घरमा हुलेर खुशी मनाए, त्यसरी नै परमेश्वरबाट टाढा भएकाहरू जो उहाँका पुत्रको रगतले गर्दा उहाँलाई विश्वास गर्ने जनहरू भएका छन् अर्थात् हामीलाई देखेर उहाँ हर्षले भावविभोर हुनुहुनेछ।

पढ्नुहोस्: **एफिसी ५:२५-२७ पढ्नुहोस्। हामी कस्तो खालको प्रेमलाई देखाउनुपर्छ भनेर यी पदहरूले कसरी प्रष्ट पारेका छन्?**

आफ्ना श्रीमतीहरूलाई प्रेम गर्नुपर्छ भनेर येशूभक्त श्रीमान्‌हरूलाई पावलले उपदेश दिन्छन्। कसरी प्रेम गर्ने त भन्दा, "जसरी आफ्नो ज्यानै दिएर चर्चलाई प्रेम गर्नुभयो।" आफ्ना श्रीमतीहरूलाई आफ्नै शरीर जस्तै प्रेम गर्नु र हिफाजत गर्नु भनेर एफिसी ५:२५,२८मा पावलले उल्लेख गर्दछन्। आफ्नी श्रीमतीलाई निस्वार्थी र त्यागी भएर प्रेम गर्नुपर्छ मात्र होइन, येशू ख्रीष्टले उहाँका जनहरू वा चर्चलाई कसरी *आफूलाई झैँ* प्रेम गर्नुभयो, त्यही मिजास वा मनस्थिति देखाउनुपर्छ भनेर पावलले अपेक्षा गर्दछन्।

# के रे? परमेश्वरलाई खुशी वा प्रसन्न पार्ने रे?

असिमित र अनन्त सारा ब्रह्माण्डको शुक्ष्म ग्रह पृथ्वीमा रहेको नाश हुने प्रोटोपलाजमको थोपा वा अथाह समुद्रको बालुवाको कण जस्तो मरणशील मानव प्राणीले जगतका परमेश्वरलाई कसरी खुशी तुल्याउन सक्छ र? वा खुशी तुल्याउने आँट पनि कसरी गर्न सक्छ, र अझ भन्ने हो भने खुशी तुल्याउने आवश्यक पनि छ र? सर्वशक्तिमान् परमेश्वर जसलाई केहीको खाँचो पर्दैन, उहाँको निम्ति मानव प्राणीको गतिविधिप्रति चासो राख्न कसरी सम्भव हुन सक्छ र? ती प्रश्नहरू दुई पक्षहरूबाट जवाफ दिन सकिन्छ। पहिलो त, परमेश्वर आफै कसरी खुशी हुन सक्नुहुन्छ र? दोस्रोमा, पापी मानिसले परमेश्वरलाई कसरी खुशी पार्न सक्छ र? यस अध्यायमा पहिलो प्रश्नको जवाफमा चिन्तन गर्छौं र अर्को अध्यायमा दोस्रो प्रश्नको बारेमा छलफल गरिनेछ।

पढ्नुहोस्: **यशैया ४३:३, ४; भजनसंग्रह १४९:४ र हितोपदेश १५: ८, ९ पढ्नुहोस्। आफ्ना जनहरूप्रति परमेश्वर कसरी खुशी वा प्रसन्न हुनुहुन्छ भनेर यी पदहरूले कसरी खुलासा गरिएको छ?**

परमेश्वरले मानव प्राणीलाई प्रेम गर्नुभएकै कारणले उहाँ ती प्राणीहरूलाई प्रेम गर्नुहुन्छ भनेर हामीले अगाडि हेऱ्यौं। मानिसहरूप्रति उहाँले गम्भीर चासो लिनुहुन्छ र तिनीहरूको उत्तम हित उहाँले चाहनुहुन्छ। त्यही प्रकारले हामीले अरूलाई पनि प्रेम गर्नुपर्छ र अरूप्रति चासो देखाउनुपर्दछ।

त्यसै अनुसार जब मानिसहरू खराब हुन्छन्, दुष्ट हुन्छन् र अरूलाई दबाउँछन् तब त्यसप्रति परमेश्वर नाराज र अप्रसन्न हुनुहुन्छ। मानिस जतिसुकै धर्मात्मा, त्यागी, दानी देखाउँछन् वा हुन्छन् तर तिनीहरूका चालहरू दुष्ट छन् र तिनीहरूका नियतहरू स्वार्थी र खराब छन् भने, ती परमेश्वरको निम्ति आपत्तिजनक हुन्छन् वा उहाँको अगाडि घृणित हुन्छन् *(हितोपदेश १५:८)*। तर धर्मी वा उचित जीवन बिताउनेको प्रार्थनाले परमेश्वरलाई प्रसन्न पार्दछ। जो परमेश्वरको धार्मिक मार्गमा चल्छन् तिनीहरूलाई उहाँले प्रेम गर्नुहुन्छ। उपर्युक्त पदले दुष्ट र खराबप्रति उहाँ असन्तोष र अप्रसन्न हुनुहुन्छ भनेर मात्र भनेको छैन तर असल कुरामा उहाँ प्रसन्न र आनन्दित हुनुहुन्छ भनेर खुलाएको छ। ईस्वरीय

आनन्द र प्रेमको बीचमा सम्बन्ध छ र ती गुणहरू सँग-सँगै जान्छन् भनेर बाइबलभरि देखाइएको छ।

भजन १४६:८ले परमेश्वरले धर्मी, न्यायप्रेमी र पवित्र जनलाई प्रेम गर्नुहुन्छ भनेर उल्लेख गरिएको छ। यही क्रममा २ कोरन्थी ९:७मा पावलले यो थप्दछन्, "खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।" ती पदहरूले के भनेको छैन सोमा ध्यान दिनुहोस्। परमेश्वरले धर्मी, उदारतासाथ खुशी भएर दिनेलाई मात्र प्रेम गर्नुहुन्छ भनेको छैन। परमेश्वरले सबै जनालाई प्रेम गर्नुहुन्छ। परमेश्वरले दुवै धर्मी र हँसिलो भएर दिनेलाई प्रेम गर्नुहुन्छ भन्ने सन्देश ती पदहरूले दिन्छ। जसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ त्यसप्रति परमेश्वर खुशी हुनुहुन्छ भनेर हितोपदेश १५:८, ९ले आभास दिन्छ।

**सारा जगतका सृष्टिकर्ता र मालिक परमेश्वरले स्वर्ग र पृथ्वीलाई नजिकै गाँस्नुभएको छ। उहाँ हामीसँग घनिष्ठ हुनुहुन्छ र उहाँ भावनात्मकरूपमा पनि हामीसँग रहनुहुन्छ। तपाईं कठिन परिस्थितिमा गइरहनुभएको समयमा त्यस आत्मज्ञानले तपाईंको जीवनमा कस्तो आशा पल्हाइदिन्छ?**

# जीवित पत्थर

हामी पतित, आफ्नो मात्र भाउ र सम्मान खोज्ने, बिग्रेका पापीहरूले पवित्र परमेश्वरलाई कसरी खुशी पार्न सक्छौं र?

पढ्नुहोस्: **रोमी ८:१ र रोमी ५:६-८ पढ्नुहोस्। परमेश्वरले हामीलाई कस्तो रूपमा हेर्नुहुन्छ भन्ने कुराको विषयमा यी पदहरूले हामीलाई के सिकाउँछ?**

कुनै मानव प्राणीले माग्नुभन्दा पहिले नै परमेश्वरले उहाँको अनुग्रह खन्याउनुभएको थियो। हामीले जे भन्नुभन्दा पहिले र जे गर्नुभन्दा पहिले उहाँले आफ्नो प्रेमिलो हात हाम्रो अगाडि फैलाउनुभएको थियो। उहाँले प्रदान गर्नुभएको प्रेमलाई स्वीकार गर्ने वा नगर्ने अवसर हामीलाई नै सुम्पिनुभएको छ। पावलले रोमी ५:८मा यसरी स्पष्ट पार्दछन्, "हामी पापी छँदा नै परमेश्वरले उहाँको आफ्नै प्रेम हामीलाई देखाउनुभएको थियो। हाम्रो निम्ति ख्रीष्ट मर्नुभएर सो प्रेमको प्रदर्शन उहाँले गर्नुभएको थियो।" *(यससँग यर्मिया ३१:३ तुलना गर्नुहोस्)*। हाम्रा मुक्तिदाताको काममा विश्वास गरेर हामी परमेश्वरसँग पुनर्मिलन हुन सक्छौं। उहाँलाई खुशी पनि पार्न सक्छौं।

पढ्नुहोस्: **हामी मानव प्राणीले परमेश्वरलाई खुशी पार्न के गर्न सक्छौं? १ पत्रुस २:१-६ र हिब्रू ११:६ पढेर हेर्नुहोस्।**

परमेश्वरको हस्तक्षेपविना पापी तथा पतित मानिसहरूले कुनै पनि भेटी, उपहार र बहुमूल्य थोक उहाँकहाँ ल्याउन सक्षम छैनन्। तैपनि ख्रीष्टको कामद्वारा उहाँले दया र अनुग्रह उपलब्ध गराउनुभएकोले उहाँकहाँ हाम्रा उपहारहरू ल्याउन सक्छौं। विशेष गरेर, "येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान हामी चढ़ाउन

सक्छौं।" *(१ पत्रुस २:५)*। विश्वासविना परमेश्वरलाई खुशी पार्न असम्भव त छ नै *(हिब्रू ११:६)*। पावलले यो कामना व्यक्त गर्दछन् कि येशू ख्रीष्टको मध्यस्थताद्वारा विश्वासीहरूलाई "हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक। जे परमेश्वरलाई मनपर्दो छ येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून्। उहाँको महिमा युगानुयुग भइरहोस्। आमेन।" *(हिब्रू १३:२१)*। जो विश्वासद्वारा परमेश्वरका प्रेमलाई ग्रहण गर्छन्, तिनीहरू उहाँको सामु धर्मी ठहरिन्छन्, तर त्यो येशूको मध्यस्थताद्वारा हुन्छ। मानिसको होइन तर येशूको धार्मिकता मात्रै परमेश्वरले स्वीकार्नुहुन्छ। जो मानिसहरू परमेश्वरको प्रेमलाई स्वीकार गर्छन्, तिनीहरू ख्रीष्टको मध्यस्थतामा रहन योग्य हुन्छन् *(लूका २०:३५)*। येशूले नै तिनीहरूलाई उहाँको स्वरूपमा परिवर्तन गर्नुहुन्छ *(१ कोरन्थी १५:५१-५९; १ यूहन्ना ३:२)*। परमेश्वरको मुक्तिको योजना *हाम्रो निम्ति* मात्र होइन *हामीभित्र* परिवर्तन गर्न पनि हो।

**स्वर्गमा ख्रीष्टले हाम्रो निम्ति मध्यस्थता गरिरहनुभएको छ भन्ने आत्मज्ञान हाम्रो निम्ति किन उत्साहप्रद छ?**

# उपयुक्त बहुमूल्य लक्ष्य

परमेश्वरको दया र मध्यस्थता वा हाम्रो अगाडि हात फैलाइरहेको छत्र छायाँमा हामी छौं। यदि कसैले आफ्नो खराब वा दुष्ट मार्गबाट फर्किन अलिकति पनि सकारात्मक कदम चाले, त्यसप्रति परमेश्वर अति आनन्दित हुनुहुनेछ। यथार्थमा केवल परमेश्वर मात्र प्रेम पाउन योग्य हुनुहुन्छ। उहाँ परिपक्व वा सिद्ध रूपमा धर्मी हुनुहुन्छ। तर हामी उहाँको छत्र छायाँमा रहिरहन सक्यौं भने हामी पनि उहाँको सामु धर्मी ठहरिन सक्छौं र उहाँका प्रियहरूमा गनिन सक्छौं। हामीहरू उहाँको सिद्ध प्रेममा रहेर उहाँसँग अनन्तसम्म रहिरनेछौं। यो नै मुक्ति पाएकाहरूको महान् आशा हो। यसैको निम्ति ख्रीष्टले स्वर्गमा हाम्रो निम्ति काम गरिरहनुभएको छ।

तर, तपाईं पापी भएकोले, खराब नियत लिएर चल्ने मिजास भएकोले, गल्ती नै गल्ती गर्ने मनस्थितिमा चल्ने भएकोले के म पनि उहाँको निगाहामा भित्रिन सक्छु र? भनेर तपाईंले सोच्नुहोला। *म त चाहिँदो मात्रामा असल छैन होइन र? मसँग प्रशस्त विश्वास नहोला भनेर मलाई त डर नै लागिरहेको छ।*

पढ्नुहोस्: **मर्कूस ९:१४-२९को घट्ना पढ्नुहोस्। एक जना बाबुको अनुरोधलाई परमेश्वरले कसरी जवाफ दिनुभयो भनेर त्यहाँ लेखिएको छ। कतिको विश्वास पर्याप्त छ?**

__________________________________________

__________________________________________

चेलाहरूलाई येशूले कति सिकाउनुभयो, तिनीहरूसँग उठबस गर्नुभयो तैपनि तिनीहरूले दुष्ट आत्मालाई निकाल्न सकेनन्। तिनीहरूलाई येशूले दिनुभएको तालिम त बेकारको भएको जस्तो थियो। येशूले त्यस केटाको बाबुलाई भन्नुभयो, “यदि तिमी विश्वास गर्न सक्छौ भने, विश्वास गर्नेलाई सबै कुरो सम्भव छ।” *(मर्कूस ९:२९)*। अनि गहभरि आँशु निकालेर बाबुले जवाफ दिए, “प्रभु, म विश्वास गर्दछु। मेरो अनविश्वासलाई सहायता गर्नुहोस्।” *(मर्कूस ९:२४)*।

यो याद गर्नुहोस्, येशूले त्यस बाबुलाई घरमा पठाएर, “तिमीसँग अझ धेरै विश्वास भएपछि मात्र मकहाँ आउनु,” भन्नुभएन। “प्रभु, मेरो अनविश्वासलाई सहायता गर्नुहोस् वा थपिदिनुहोस्,” भन्ने क्रन्दन मात्र येशूको निम्ति पर्याप्त थियो।

विश्वासविना परमेश्वरलाई खुशी पार्न असम्भव छ भनेर पावलले भन्दछन् *(हिब्रू ११:६)*। तर बाबुमा भएको अलिकति मात्र विश्वासलाई येशूले स्वीकार्नुहुन्छ। अनि हामीसँग भएको जति विश्वास भए तापनि येशूको मध्यस्थताले हामीले परमेश्वरलाई खुशी पार्न सक्छौं। हामीमा भएको विश्वास र हाम्रो निम्ति ख्रीष्टले गरिरहनुभएको कामद्वारा हामीले परमेश्वरलाई खुशी पार्ने उत्तर दिन सक्छौं। जसरी जस्तोसुकै कम मोलको उपहार छोरोले ल्यायो भने बाबु खुशी हुन्छ, त्यसरी नै जुनसुकै कमजोरी अवस्थामा परमेश्वरलाई हामी सुम्पियौं भने उहाँ खुशी हुनुहुन्छ।

त्यसकारण, "परमेश्वरलाई राम्रोसँग खुशी पार्ने" लक्ष्य हाम्रो हुनुपर्छ भनेर पावलले दिएका अर्तिलाई हामीले आत्मसात गरिराख्नु जरुरी छ *(२ कोरन्थी ५:९, १०सँग निम्न पदहरू तुलना गर्नुहोस्: कलस्सी १:१०; १ थेसलोनिकी ४:१; हिब्रू ११:५)*। हामीमा भएका चासोहरूलाई परिवर्तन गर्न परमेश्वरसँग हामी प्रार्थना गर्नुपर्छ। हाम्रा प्रियजनहरूको उत्तम हितमा हामीले ध्यान दिन सकून् र हाम्रो प्रेम अरूहरूलाई पनि फैलाउन सक्षम बनाउन परमेश्वरसँग बिन्ति गर्नुपर्छ। पावलले हामीलाई यो अर्ति दिन्छन्, "प्रेम निष्कपट होस्। जुन कुरा खराब छ, त्यसलाई घृणा गर। जुन कुरा असल छ, त्यसमा लागिरहो। भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।" *(रोमी १२:९-१३)*।

**यदि येशू ख्रीष्टद्वारा परमेश्वरले हामीलाई ग्रहण गर्नुहुन्छ भने हामीले पनि अरूहरूलाई कसरी स्वीकार गर्नुपर्छ? तपाईंले आफूलाई प्रेम गर्नुभएको जस्तै अरूलाई प्रेम गर्नुपर्छ** *(लेबी १९:१८; मत्ती २२:३९)* **भन्ने परमेश्वरको नीति र अरूले तपाईंलाई कसरी व्यवहार गरेको तपाईं चाहनुहुन्छ, तपाईंले पनि अरूलाई त्यसै व्यवहार गर्नु भन्ने सुनौलो नीतिले तपाईंलाई कस्तो प्रभाव पारिरहनुपर्दछ?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित द *डिजाएर अभ एजेजको* पृ. ६६२-६८०को अध्याय, "लेट नट योर हर्ट बी ट्रोबुल्ड," पढ्नुहोस्।

"जब परमेश्वरका जनहरूले आफूहरूलाई कम मोलको वा अबमूल्यन गरेर हिनतावोधमा पर्छन्, तब यो देखि प्रभु निराश वा नाराज हुन्छ। परमेश्वरको हिसाबकिताबमा प्रत्येक व्यक्तिको मोल उहाँले तोक्नुभएको छ। उहाँका चुनिएका जनहरू उहाँका सम्पत्ति हुन् र त्यसलाई अबमूल्यन गर्न परमेश्वरले छुट दिनुभएको छैन। आफू परमेश्वरको सन्तान हुँ भनेर शिर ठाडो गरेर हिँड्न र उहाँको सामु आफू बहुमूल्य भएको मनस्थितिमा रहन उहाँको चाहना हो। नत्र भने तिनीहरूको उत्थानको निम्ति तिनीहरूलाई उद्धार गर्न आफ्नो पुत्रलाई उहाँले पठाउनुभएर अत्यन्तै महँगो मोल तिर्नुहुनेथिएन। उहाँका प्रत्येक जनको खाँचो उहाँलाई छ। जब यस संसार र आउने संसारमा उच्चभन्दा पनि उच्च शिखरमा पुग्न उहाँका जनहरूले प्रार्थना र माग गर्छन् तब उहाँ अत्यन्तै खुशी हुनुहुन्छ। तिनीहरूको जीवनशैलीले नै परमेश्वरको महिमा गरून् भन्ने उहाँको चाहना हो। यदि उहाँका प्रतिज्ञाहरूमा तिनीहरूले विश्वास गर्छन् भने तिनीहरूले सानोतिनो मामुली उपलब्धि होइन ठूलै उपलब्धि हासिल गरून् भनेर उहाँले अपेक्षा गर्नुहुन्छ।

"तर ख्रीष्टको नाउँमा प्रार्थना गर्नु भनेको ठूलो कुरो हो। त्यसको अर्थ, उहाँको मिजास, चरित्र वा स्वभावलाई हामीले अङ्गिकार गर्नु हो। मानिसहरूसँगको कारोबारमा उहाँको मिजासलाई हामीले प्रकट गर्नुपर्छ। उहाँले गर्नुहुने काम हामीले गर्नुपर्दछ। मुक्तिदाताले शर्तमा प्रतिज्ञा गर्नुभएको छ। "यदि तिमीहरूले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरू पालन गर्नू।" उहाँले मानिसहरूलाई उद्धार गर्नुहुन्छ, तर पापमै रहेर होइन, पापबाट हो। जसले उहाँलाई प्रेम गर्छ उसले उहाँका आज्ञाहरू शिरोपर गरेर देखाउँदछ।

"सबै सच्चा आज्ञा पालन हृदयबाट नै आउँछ। यो ख्रीष्टको हृदयसँग तालमेल गरेर चल्नु हो। यदि हामीले अनुमति दियौं भने, उहाँले हाम्रा सोच र लक्ष्यहरूलाई उहाँका सँग यति मिलाउनुहुन्छ, हाम्रा हृदय र दिमाग उहाँको चाहनाको सहमतिमा यति ल्याउनुहुन्छ, कि जब हामी उहाँका निर्देशनहरूलाई पालन गर्छौं तब हामी आफ्नो मनका इच्छाहरू पूरा मात्र गरिरहेका हुन्छौं। हाम्रो चाहना वा इच्छा प्रशोधित हुन्छ र पवित्र हुन्छ। अनि उहाँको सेवा गर्न हामी अत्यन्तै आनन्दित हुनेछौं। जब हामीलाई दिइएको सुअवसरअनुसार हामीले परमेश्वरलाई चिन्छौं तब हाम्रो जीवनले उहाँको आज्ञा पालन गर्ने निरन्तरता पाउनेछ। जब हामी येशूको चरित्रको सराहना गर्दछौं र उहाँसँग संवाद जारी राख्छौं तब पाप हाम्रो निम्ति घृणास्पद हुनेछ।"–एलेन जी. ह्वाइट, द *डिजाएर अभ एजेज*, पृ. ६६८।

## छलफलको लागि प्रश्नहरू:

१. निःस्वार्थी भावनाले पाउनु भनेको के हो? यस पृथ्वी र स्वर्गमा दिनु र लिनुसँग के सम्वन्ध छ होला?

२. यस विश्वब्रह्माण्डमा भएका अनगिन्तियौँ र टाढा नक्षेत्रबाट स्वर्गदूतहरूले अगमवक्ता दानिएललाई *क्यामडट chamdot* भनेर सम्बोधन गरेका थिए, जसको अर्थ अतिप्रिय, मनपर्ने, बहुमूल्य हो। यो तिनीहरूले तीन पल्ट सम्बोधन गरेका थिए। दानिएल ९:२३मा "किनकि तिमी अति सम्मानित छौ अर्थात् परमेश्वरले तिमीलाई धेरै प्यार गर्नुभएको छ।" गब्रिएलले दानिएललाई *की क्यामडट आटाह ki chamdot attah* भनेर सम्बोधन गरेका थिए, "दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, अर्थात् अति प्यारो व्यक्ति हौ।" दानिएल १०:११मा यही सम्बोधन स्वर्गका जीवले वा गब्रिएल नै हुनुपर्छ, उनलाई इश *क्यामडट ish chamdot* भनेर सम्बोधन गरेका थिए, "उच्च सम्मान गरिएका हे मानिस वा अत्यन्तै प्यारो।" जुन कुरा त्यही अध्यायमा पछि दोहोऱ्याइएको छ *(दानिएल १०:१९)*। यसले परमेश्वरको बारेमा के भन्छ र उहाँ हामीसँग कति नजिक हुनुहुन्छ भनेर कसरी देखाउँछ? यस अचम्मको सत्यले हामी केको आशामा रहन सक्छौं?

३. यस अध्यायको विषयवस्तुसँग हिब्रू ११मा लेखिएको विश्वासका बहादुरहरूका उदाहरणहरू कसरी मिल्दछ? परमेश्वरलाई विश्वासद्वारा प्रसन्न पार्ने कुरालाई तिनीहरूका उदाहरणहरूले कसरी प्रकट गर्दछन्? तिनीहरूका विश्वास र बफादारका उदाहरणहरूबाट हामी पनि दिन-दिनै के सिक्न सक्छौं र जीवनमा उपयो गर्न सक्छौं?

# आभारित डिकन

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

जोन्ग-मुनयुन आभारित हुने डिकनको नाउँमा प्रचलित छ। जुन सुकै परिस्थितिमा पनि उनले बोल्ने पहिलो वचन नै "धन्यवाद" हो। यदि कसैले सहयोगको निम्ति अनुरोध गऱ्यो भने, उनले पहिले "धन्यवाद" नै भनेर फर्काउँछन्। जब उनले कुनै द्वन्द्व वा कठिन परिस्थितिको सामना गर्छन्, उनले "धन्यवाद" नै भन्छन्। उनले केही गुमाएर कष्ट नै भए तापनि उनको धन्यवाद दिने चलन रोकेको हुँदैन।

उनी दक्षिण कोरियाको सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चको डिकन हो। उनले पावलका वचनहरूलाई हृदयमा सजाई राखेका छन्। पावलले १ थेसलोनिकी ५:१८मा भनेका छन्, "सबै थोकहरूमा धन्यवाद देओ। यो नै तिमीहरूको निम्ति येशूमा भएको परमेश्वरको चाहना हो।" उनको व्यवहारलाई मानिसहरूले हेरिरहेका हुन्छन्।

कोरियाको समुद्री किनाराको जिउङडोनजिनमा क्याफेको साहु जोङ्ग हो। घाम उदाएको बेलामा वा विशेष गरेर नयाँ वर्षमा धेरै मानिसहरू त्यस समुद्री किनारामा आउँथे। विशेष गरेर उनको क्याफे लोकप्रिय थियो। उनका ग्राहकहरूमध्ये नानुम पनि एक हो। उनी युवा अवस्थामा त्यस ठाउँमा घाम उदाएको हेर्दै सादा ब्रेकफास्ट खान रुचाउँथिन्। त्यस खानमा चिया, टोस्ट गरेको सान्डविच, तारेको फुल, लेटस साग र चिज हुन्थ्यो। जब उनी ठूली भइन् तब उनले विवाह गरिन् र आजसा नाउँ भएकी छोरी पाएकी थिइन्। ती दुवै जना नियमित रूपमा ब्रेकफास्ट खाने ग्राहक भएका थिए। जोङ्गको धन्यवाद दिने मिजासलाई आमाले अचम्म मान्थिन्। जब उनले खानको निम्ति अर्डर गर्थिन् तब जोङ्गले धन्यवाद भन्थे। जब ब्रेकफास्टको निम्ति पैसा तिर्थिन् तब जोङ्गले धन्यवाद भन्थे। जब खानको निम्ति उनले धन्यवाद दिन्थिन् तब जोङ्गले पनि धन्यवाद भनेर नै फर्काउँथ्यो।

एक दिन कुरै कुरामा उनले थाहा पाइन् कि जोङ्ग शनिबार चर्च जाने रहेछ। शनिबार आराधना गर्ने कुरा उनलाई कहिले पनि थाहा थिएन। एक दिन उनले जोङ्गलाई सोधिन्, "के म पनि तपाईंसँग अर्को शनिबार चर्च आउन सक्छु कि?"

अर्को शनिबार उनी र उनकी पाँच वर्षकी छोरी जोङ्गसँगै चर्चमा गए। त्यो चर्च काफेबाट आधा घन्टाको मोटर बाटो थियो। चर्चका सदस्यहरूले आमा र छोरीलाई न्यानो स्वागत गरे। चर्चको बारेमा तिनीहरूले कसरी थाहा पाए भनेर चर्चका सदस्यहरूले सोधे। उनी धन्यवाद दिने मिजास भएको डिकनले गर्दा आएको भनेर जवाफ दिइन्।

चर्चको आराधना पछि नानुमले जोङ्गलाई फेरि चर्च आउने चाहना व्यक्त गरिन्। "यदि यही चर्चमा तपाईं जानुहुन्छ भने म तपाईंको पछि लाग्छु," उनले व्यक्त गरिन्।

क्याफेमा नानुमले येशूको नाउँ कहिले पनि सुनेकी थिइनन्। तर आभारित जोङ्गको मिजासबाट उनले येशूलाई देखेकी थिइन्। सुसमाचार केवल मुखले मात्र होइन जीवनबाट पनि प्रचार गरिन्छ। जोङ्गकै उदाहरणले त्यस युवती आमा र छोरी चर्चमा नियमित रूपमा सरिक हुन्छन्। अब उनले आफ्नो श्रीमान् पनि शबाथमा चर्च आउलान् भनेर प्रार्थना गरिरहेकी छिन्।

